स्थानीय सरकार
☎:०१-६६१९६२५
# सूर्यविनायक नगरपालिका
# Suryabinayak Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल
Katunje, Bhaktapur, Bagmati Province, Nepal

पत्र संख्याः
चलानी नं.:
मितिः..............................

### विद्युतीय बोलपत्र नं. स्वास्थ्य सर्जिकल १ तथा स्वास्थ्य औषधी २ र ३ २०८१/८२
### प्रथम पटक प्रकाशित मिति २०८१/०८/१२

यस नगरपालिका अन्तर्गतको अस्पतालको फार्मेसीबाट बिक्रीको लागि औषधी तथा सर्जिकल सामग्रीहरु आपूर्ति गर्नुपर्ने भएकाले यो विद्युतीय बोलपत्र आह्वान गरिएको छ । विद्युतीय बोलपत्र PPMO को वेबसाईट www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु पर्नेछ ।

१ विद्युतीय बोलपत्र दस्तुर रु ३००० (अक्षेरुपी तीन हजार रुपैया) प्रत्येक प्याकेजका लागि छुट्टा-छुट्टै फिर्ता नहुने गरी यस कार्यालयको NIC ASIA BANK भक्तपुर स्थित आन्तरीक राजश्व खाता नं. ग.१-१-००८२०५००४२१२०००३ मा दाखिला गरेको सक्कलै बैंक भौचर र धरौटी खाता नं. ग.३-००८२०५००४२१२००१७ मा छुट्टा छुट्टै प्याकेज अनुसारका औषधीहरु र सर्जिकल सामाग्रीको लागि दाखिला गरेको सक्कलै बैक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकको बैक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नुपर्नेछ । बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि प्रचलित नियम अनुसारको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ र नगद धरौटी राखिएकोमा परफरमेन्स बण्डमा परिवर्तन गर्न पाईने छैन ।

२ विद्युतीय बोलपत्रदाताले बोलपत्र साथ फर्म दर्ता नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपी, औषधि तथा सर्जिकल सामान बिक्री गर्ने इजाजत पत्रको प्रतिलिपी, VAT/PAN दर्ताको प्रतिलिपी, आ.व. २०८०।०८१ सम्मको कर चुक्ता प्रमाणपत्र, आफू खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा स्वःघोषणा गरेको कागजातहरु अपलोड गर्नुपर्नेछ ।

४ बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गरिएको मितिको ३१ औं दिन (२०८१।०९।१२) दिनको १२ बजेभित्र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्नु पर्नेछ ।

५ तोकिएको समयभित्र रितपूर्वक दर्ता हुन आएका विद्युतीय बोलपत्र सोही दिनको अपरान्ह १२.३० बजेदेखि बोलपत्रदाताको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६ बोलपत्र विद्युतीय माध्यमबाट पेश गर्ने अन्तिम दिन बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन सूचनामा तोकिएको समयभित्र विद्युतीय बोलपत्र पेश गर्न सकिनेछ ।

७ बोलपत्र दाताले कबोल गरेको प्रत्येक आईटमको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईनेछ ।

८ बोलपत्र दाताले उपलब्ध गराउने औषधि अनिवार्य रुपमा औषधी व्यवस्था विभाग (DDA) मा दर्ता भएको हुनुपर्नेछ ।

तारानाथ लुइटेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

स्थानीय सरकार

☎:०१-६६१९६२५

# सूर्यविनायक नगरपालिका
# Suryabinayak Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive

कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल
Katunje, Bhaktapur, Bagmati Province, Nepal

पत्र संख्या:
चलानी नं.:
मिति:..............................

९ नगरपालिकाको हितलाई ध्यानमा राखी प्राप्त हुन आएको विद्युतीय बोलपत्र पूर्ण रुपमा स्वीकार गर्ने, आंशिक रुपमा स्वीकार गर्ने वा पूर्ण रुपमा अस्वीकार गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ र खरिद गरिने सामग्रीहरुको परिमाण फार्मेसीबाट बिक्रीका आधारमा थपघट हुन सक्ने छ । यसरी परिमाणमा थपघट भएता पनि विद्युतीय बोलपत्र कबोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ ।

१० औषधी तथा सर्जिकल सामग्रीको अलग अलग दररेट पेश गर्नुपर्ने छ । उपरोक्त कार्य गर्ने फर्महरुसंग बोलपत्र छुट्टा छुट्टै माग गरिएको हुँदा बोलपत्र पेश गरेको फर्महरुले सोही अनुसारको इजाजत पत्र समेत पेश गर्नु पर्नेछ । सो इजाजत पेश नभएको फर्महरुलाई मूल्यांकनमा समावेश गरिने छैन र विद्युतीय बोलपत्र स्वीकृत गर्दा प्याकेजवाईज मात्र स्वीकृत गरिनेछ ।

११ रीत नपुगेको विद्युतीय बोलपत्र उपर कुनै कारवाही गरिने छैन । साथै विद्युतीय बोलपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समयावधि भित्र औषधी र सर्जिकल सामग्री बुझाउनु पर्ने छ र औषधी केही अंश अथवा सम्पूर्ण औषधीनै बुझाउन नसकेमा प्रचलित सार्वजनिक खरिद सम्बन्धी ऐन, नियम बमोजिम कारवाही हुनेछ र यसबाट सिर्जना हुने सम्पूर्ण दायित्व बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।

१२ आपुर्ति हुने औषधी तथा सर्जिकल सामग्रीको प्रत्येक बाहिर उत्पादन मिति, ब्याच नम्बर उल्लेख हुनुपर्नेछ । साथै सप्लाई हुने औषधी तथा सर्जिकल सामग्रीको बिलसाथ ब्याच नम्बर र WHO GMP सर्टिफिकेट पेश गर्नुपर्नेछ भने सर्जिकल सामग्रीहरुको हकमा अनिवार्य रुपमा (USFDA/CE/ISO or equivalent) सर्टिफिकेट पेश गर्नुपर्नेछ ।

१३ विद्युतीय बोलपत्र सम्वन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ साथै यस सूचनमा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| विद्युतीय बोलपत्र नं. | विवरण | बैंक जमानत रकम | बैंक जमानतको म्याद | बोलपत्र दस्तुर रकम ( फिर्ता नहुने ) |
|---|---|---|---|---|
| स्वास्थ्य सर्जिकल १/०८१/०८२ | PACKAGE - A | २,१८,०००।- | १२० दिन | ३०००।- |
| स्वास्थ्य औषधी २/०८१/०८२ | PACKAGE – B | ४,३३,०००।- | १२० दिन | ३०००।- |
| स्वास्थ्य औषधी ३/०८१/०८२ | PACKAGE - C | ३,००,०००।- | १२० दिन | ३०००।- |

तारानाथ लुइटेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner